नेपाली / *NEPALI*

**लागि:** **संकाय, कर्मचारी, विद्यार्थीहरू**

**बाट:** **कुलपति, प्रोभोस्ट, अन्तरिम कुलपति**

**कहिले:** **अप्रिल ७, २०२६**

**विषय:** **मिलेर, अगाडि बढ्ने: भविष्यको लागि एक रणनीतिक संरचना**

आदरणीय क्याम्पस समुदाय,

अघिल्लो वर्ष, सम्झनुहोला, हामीले नयाँ रणनीतिक संरचना बनाए मार्फत हाम्रो भविष्यको कल्पना गर्न एक सहयोगी, क्याम्पसव्यापी प्रक्रिया शुरू गऱ्यौँ। यसको लक्ष्य स्पष्ट साझा प्राथमिकताहरू पहिचान गरेर अगाडि बढाउने, *UW–Madison* लाई यस समयका चुनौतीहरू र अवसरहरूलाई सम्बोधन गर्ने अगुवाको रूपमा राख्ने अनि आगामी धैरै वर्षहरूसम्म हाम्रा उद्देश्यहरूको व्याख्या गर्ने थियो। हाम्रो आशा एउटा यस्तो दृष्टिकोण बनाउनु थियो जसले हामीलाई ठूलो अवसर र ठूलो चुनौतीको समयमा मिलेर, अगाडि बढ्न (*Forward, Together*) अनुमति दिन्छ।

आज, हामी विस्कन्सिन विचार (*Wisconsin Idea*), विश्वविद्यालयको शिक्षा, अनुसन्धान र सेवालाई क्याम्पसको सीमाभन्दा परसम्म फैलनु पर्छ भन्ने एक धारणा, मा आधारित र ब्याजर तरिका (*Badger Way*) ले दिशानिर्देश प्रदान गरेको अपडेट गरिएको क्याम्पस रणनीतिक संरचना साझा गर्न पाउँदा खुशी छौं।

यदि विस्कनसिन विचार हाम्रो "कारण" हो भने, ब्याजर तरिका हाम्रो "तरिका" हो। ब्याजर तरिकाले हामीले हाम्रो काम कसरी गर्छौं व्याख्या गर्दछ:  जिज्ञासा, नम्रता, इमानदारीता, दृढता, सभ्यता अनि थौरै चञ्चल भावका साथ। यसले हाम्रो समुदायमा एकअर्का प्रतिको प्रतिबद्धता पनि अभिव्यक्त गर्दछ: सभ्यताको अभ्यास; जटिलतालाई अँगालो; सम्बन्ध निर्माण अनि सबै ब्याजरहरू सिक्ने, उन्नति गर्ने र उत्कृष्टता पछयाउने क्रममा समर्थन।

विस्कन्सिन विचार र ब्याजर तरिकाले हाम्रो उद्देश्य र हाम्रो वचनलाई परिभाषित गर्छन्। तिनिहरू संरचना र यसका चार रणनीतिक प्राथमिकताहरूका लागि आधारभूत छन्:

- विद्यार्थीहरूलाई उनीहरूको भविष्यका लागि तयार पार्न अतुलनीय शैक्षिक अनुभवहरू प्रदान गर्ने
- जीवन बदल्नका लागि नयाँ कुरा पत्ता लगाउने र बनाउने
- जनहितका लागि मिलेर सहकार्य गर्ने
- बलियो भविष्य सुनिश्चित गर्न उत्कृष्टताको संस्कृति विकास गर्ने

रणनीतिक संरचनाको वेबसाईटले ती प्रत्येक प्राथमिकताहरूको विवरण प्रदान गर्दछ तर हामी यो कुरालाई जोड दिन्छौं कि संरचना योजनाको रूपमा बनाइएको होइन। यसको मनसाय उच्च स्तरकै हो, जसले हामीलाई बदलको सामना गर्दा लचिलो रहन, विकास हुन र बलियो रहन सहयोग गर्नेछ। संरचनालाई जीवन्त बनाउने काम स्कूल, कलेज र विभागका रणनीतिक

योजनाहरू; क्याम्पसव्यापी पहलहरू अनि हाम्रा विद्यार्थी, कर्मचारी, संकाय, पूर्व छात्र र साझेदारहरूसँगको सहकार्य मार्फत हुनेछ।

*UW–Madison* को सामूहिक आकाङ्क्षा र आवश्यकताहरूद्वारा परिभाषित दृष्टिकोणलाई अहिले र भविष्यमा आकार दिन सहयोग गर्ने रणनीतिक संरचना बनाउन संकाय, कर्मचारी, विद्यार्थी, पूर्व छात्र र क्याम्पस साझेदारहरूको समूह, दृष्टिकोण समितिको महत्त्वपूर्ण र गहिरो विचारशील संलग्नता बिना सम्भव हुने थिएन।

यस समूहले ४० भन्दा बढी सामुदायिक छलफलहरूको नेतृत्व गर्न सहयोग गर्‍यो, जहाँबाट कैयौँ संकाय, कर्मचारी र विद्यार्थीहरूले प्रदान गरेका *UW–Madison* को शक्ति र अवसरहरू झल्काउने मस्यौदा अवधारणाहरू प्रतिको प्रतिक्रिया सङ्कलन गर्‍यो। हामी दृष्टिकोण समितिका सदस्यहरू र आगामी वर्षहरूको लागि हाम्रो साझा दृष्टिकोण बनाउन भाग लिने सबैलाई धन्यवाद प्रदान गर्न चाहन्छौं।

हामी तपाईंलाई रणनीतिक संरचनाको वेबसाईट हेर्न प्रोत्साहित गर्दछौं, जहाँ तपाईंले यी प्राथमिकताहरूका विवरणहरू, संरचना बनाउने प्रक्रियाको बारेमा थप जानकारी अनि *UW–Madison* को भविष्यलाई अँगाल्ने क्रममा यसमा संलग्न हुने तरिकाहरू देख्नुहुनेछ।

आगामी हप्ता, महिना र वर्षहरूमा, हामीले मात्र गर्न सक्ने तरिकाले उद्देश्य र दृष्टिकोणका साथ *UW–Madison* अगाडि बढ्न राम्रोसँग तयार छ जुन: मिलेर, अगाडि बढ्ने।

हस्ताक्षर सहित,

कुलपति Jennifer L. Mnookin
प्रोभोस्ट John Zumbrunnen
अन्तरिम कुलपति Eric M. Wilcots